८. **प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन गर्नेः** (१) समितिले आवेदन दर्ता गर्न तोकिएको म्याद समाप्त भएको मितिले दश दिन भित्रमा योग्य ठहरिएका आवेदकहरु मध्येबाट उपलब्ध भएमा दश जना र नभएमा उपलब्ध संख्याका उम्मेदवारको प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशनका लागि दरखास्त दिने उम्मेदवारहरुको मूल्यांकन देहायका आधारमा गर्नु पर्नेछः

(क) तोकिएको न्यूनतम शैक्षिक योग्यताको प्राप्त लब्धांक प्रतिशत बापत ७० अंक,

(ख) न्यूनतम भन्दा माथिल्लो शैक्षिक योग्यता बापत १० अंक,

(ग) नेपाल सरकारद्वारा संचालित कार्यक्रम वा साबिकका स्थानीय निकाय वा हालका स्थानीय तहहरुमा जुन तहको रोजगार संयोजकको पदका लागि विज्ञापन गरिएको हो सोही सरहको पदमा कम्तिमा २ वर्ष काम गरेको अनुभव बापत १० अंक, र

(घ) सम्बन्धित गाउँपालिका वा नगरपालिकाको स्थायी बासिन्दा भएबापत १०अंक ।